# 23-0009-AC1 TEST BOOKLET

## NEPALI

Time Allowed: 3 hours

## PAPER – I

Maximum Marks: 300

**INSTRUCTIONS TO CANDIDATES**

***Read the instructions carefully before answering the questions: -***

1. This Test Booklet consists of 16 **(sixteen) pages** and has **75 (seventy-five) items (questions)**.
2. IMMEDIATELY AFTER THE COMMENCEMENT OF THE EXAMINATION, YOU SHOULD CHECK THAT THIS BOOKLET *DOES NOT* HAVE ANY UNPRINTED OR TORN OR MISSING PAGES OR ITEMS ETC. IF SO, GET IT REPLACED BY A COMPLETE TEST BOOKLET.
3. **Please note that it is the candidate's responsibility to fill in the Roll Number and other required details carefully and without any omission or discrepancy at the appropriate places in the OMR Answer Sheet and the Separate Answer Booklet. Any omission/discrepancy will render the OMR Answer Sheet and the Separate Answer Booklet liable for rejection.**
4. Do not write anything else on the OMR Answer Sheet except the required information. Before you proceed to mark in the OMR Answer Sheet, please ensure that you have filled in the required particulars as per given instructions.
5. Use **only Black Ball Point Pen** to fill the OMR Answer Sheet.
6. This Test Booklet is divided into 4 (four) parts – **Part – I, Part – II, Part - III** and **Part – IV**.
7. All three parts are **Compulsory**.
8. **Part-I consists of Multiple Choice-based Questions.** The answers to these questions have to be marked in the **OMR Answer Sheet** provided to you.
9. **Part-II, Part-III and Part-IV consist of Conventional Essay-type Questions.** The answers to these questions have to be written in the separate **Answer Booklet** provided to you.
10. In Part-I, each item (question) comprises of 04 (four) responses (answers). You are required to select the response which you want to mark on the OMR Answer Sheet. In case you feel that there is more than one correct response, mark the response which you consider the best. In any case, choose *ONLY ONE* response for each item.
11. After you have completed filling in all your responses on the OMR Answer Sheet and the Answer Booklet(s) and the examination has concluded, you should hand over to the Invigilator ***only the OMR Answer Sheet and the Answer Booklet(s)***. You are permitted to take the Test Booklet with you.
12. **Penalty for wrong answers in Multiple Choice-based Questions:**

THERE WIL BE **PENALTY** FOR WRONG ANSWERS MARKED BY A CANDIDATE.

(i) There are four alternatives for the answer to every question. For each question for which a wrong answer has been given by the candidate, **one-third** of the marks assigned to the question will be deducted as penalty.

(ii) If a candidate gives more than one answer, it will be treated as a **wrong answer** even if one of the given answers happens to be correct and there will be same penalty as above to the question.

(iii) If a question is left blank. i.e., no answer is given by the candidate, there will be **no penalty** for that question.

## PART - I
### (Multiple Choice-based Questions)

*Instructions for Questions 1 to 50:*

- *Choose the correct answers for the following questions.*
- *Each question carries 3 marks.*

*[3x50=150]*

**नोट: यस प्रश्नपत्रमा पचासवटा (५०) बहुविकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न तीन(३) अङ्कको छ। सबै प्रश्न अनिवार्य छन्।** **(५०x३= १५०)**

१. शब्द र ध्वनि, अर्थ र अलङ्कार मिलेर जुन अनौठो भाव उत्पन्न हुन्छ त्यसलाई के भनिन्छ?

A) भाषा
C) शब्दशक्ति
B) साहित्य
D) अलङ्कार

२. संज्ञा र सर्वनाम शब्दमा प्रत्यय वा विभक्ति लागेर क्रियासंग सम्बन्ध देखाइन्छ भने त्यसलाई के भनिन्छ?

A) कारक
C) सर्वनाम
B) सरल कारक
D) तिर्यथ कारक

३. नेपाली संस्कृति र लोक साहित्यको विषयमा लिखित विभिन्न लेखहरूको संकलन 'बिर्सिएको संस्कृति ' नामक पुस्तकको लेखक को हुनुहुन्छ?

A) हर्कमान राई
C) इमान चेमजोङ
B) एम. ए. गुरुङ
D) महानन्द सापकोटा

४. 'लोक साहित्य'लोकजीवनको मौखिक परम्परामा हुर्किएको कहिल्यै नअस्ताउने साहित्य हो"- यो भनाई कसको हो?

A) चूड़ामणि बन्धु
C) कृष्णप्रसाद पराजुली
B) नरेन्द्र चापागाईं
D) डा. बासुदेव त्रिपाठी

५). "एंग्लिसे फ्रागमेण्ट" नामक कृतिको रचेयता को हुन्?

A) शा- फ्लेरी
B) पुश्किन
C) हाइनरिख हाइने
D) इब्सन

६. अस्तित्ववाद'को जनक कसलाई मानिन्छ?

A) हाइनरिख हाइने
B) सोरेन कडाई किर्केगार्ड
C) एडगर एलेन पो
D) फ्रेड्रिक नित्शे

७. सन् १९२० सालमा प्रकाशित 'ग्रमर अफ् दी नेपाली ल्याङ्वेज" (Grammar of the Nepali language) नामक ग्रन्थको लेखक को हुन्?

A) जे. ए. एटन
B) हड्सन
C) पार्दी गंगाप्रसाद प्रधान
D) अब्राहाम जर्च ग्रियसन

८. छन्दविशेष भावविशेषका लागि प्रभावकारी माध्यम बन्न सक्छ भन्ने कुरा प्राचीन विद्वानहरूले देखाए अनुसार कोमल एवं मधुरभाव (श्रंगाररस) को लागि कुन छन्द उपयुक्त हुन्छ?

A) आनुष्टुप छन्द
B) शिखारिणी छन्द
C) मालिनी छन्द
D) शार्दूविक्रीडित छन्द

९. "अति सुन्दर मानव जीवन यो
अझै सुन्दर पार्नु कसो गरि हो
पढ़ि काव्य सुधा रस पान अरे
गर मानव जीवन सार्थक रे

उपरोक्त, उदाहरण कुन 'छन्द' को हो?

A) मालिनी
B) शालिनी
C) स्वागता
D) तोटक

१०. अस्तित्ववादी व्याख्या गर्ने मूलकृति "शून्यता र भविता"को लेखक को हुन्?

A) ज्यां पाल सार्त्र
B) अल्बर्ट कामु
C) हेगेल
D) नित्से

११. अलङ्कार भावाभिव्यक्तिको द्वार हो, भाषाशैलीको त्यो साधन हो, जो काव्य सौन्दर्यको वृद्धिमा सहायक हुन्छ"। यो भनाई कसको हो?

A) सोमनाथ सिग्देल
B) रत्नध्वज जोशी
C) रामामणि आदी
D) नरेन्द्र चापागाईं

१२. "जगतमा पर्दछ छक्क जताितता
नबुझिने हुन गै सब बेपत्ता
नितनबीन छ रे उसको कथा
सतत हेर्नु छ देख्नु कताकता।"- (लक्ष्मीप्रसाद देवकोटा)

"उपरोक्त पधांश कुन रस प्रधान छ?

A) रौद्र रस
B) वीर रस
C) विभत्स रस
D) अद्भुत रस

१३. पूर्वीय साहित्यशास्त्रमा रसप्रतीतिका लागि साधारणीकरणको उपयोगलाई आवश्यक मात्ने प्रथम आचार्य को हुन्?

A) अभिनव भरती
B) श्री शंङ्कुक
C) भामह
D) भट्टनायक

१४. अनगिन्ती मनका संवेगहरू जुन क्षण-क्षणमा देखिने र बिलाउने प्रवृत्तिका हुन्छन्।तेस भावलाई के भनिन्छ?

A) विभाव
B) उद्दीपन भाव
C) सञ्चारी भाव
D) रसभाव

१५. प्रसिद्ध अथवा अप्रसिद्ध जुनसुकै किसिमको अर्थलाई बुझाउन सक्ने वृत्तिलाई के भनिन्छ?

A) ब्यञ्जना
B) अभिधा
C) शब्दशक्ति
D) लक्षणा

१६. "वनै धनक्क धन्कियो कपाल आज सन्कियोम

जान्न जान्न है प्रभो! म खान्न खान्न है हवा।           -(लक्ष्मीप्रसाद देवकोटा)

उपरोक्त,पंक्तिमा कुन अनुप्रास पाइन्छ?

A) छेकानुप्रास
B) लाटानुप्रास
C) श्रुत्यानुप्रास
D) वृत्यानुप्रास

१७. पूर्वीय साहित्यशास्त्रमा काव्यप्रयोजनको चर्चा सर्वप्रथम 'नाट्यशास्त्र'बाटनैं प्रारम्भ भएको देखिन्छ।'नाट्यशास्त्र'को रचेयता को हुन्?

A) भामह
B) भरतमुनि
C) एरिस्टोटल
D) विश्वनाथ

१८. झर्रोवादी आन्दोलनको मुखपत्र पत्रिका नाम के थियो?

A) जन्मभूमि
B) मातृभाषा
C) दियालो
D) नौलो पाइला

१९. यी मध्ये को चाँहि झर्रोवादी आन्दोलनका सदस्य थिएनन्?

A) चूड़ामणि रेग्मी
B) कोशराज रेग्मी
C) माधव भण्डारी
D) गणेश भण्डारी

२०. 'मनलहरी' लहरी काव्यको रचनाकार को हुनुहुन्छ?

A) आर. एन. प्रधान
B) तारामन राई
C) महानन्द सापकोटा
D) तुलचन आले

२१. साहित्यमा अध्ययनको टीका पद्धति अन्तर्गत "टीका" शब्दको तात्पर्य के हो?

A) समालोचना
B) व्याख्या
C) भाव बिस्तार
D) भाव लेखन

२२. "नेपाली ग्रामिण शब्दलाई हेप्नु हुँदैन! अरू भाषाबाट ज्यादी सापटी नलिने र प्रयोग कम गर्नु पर्ने।जननी भाषा संस्कृत भन्दैमा सबै संस्कृतको शब्द नेपालीमा हुल्नु हुन्न"।- भन्ने अवधारणा र मत कुनचाहिं साहित्य आन्दोलन हो?

A) हलन्त् बहिष्कार आन्दोलन

B) आयमेली आन्दोलन

C) झर्रोवादी आन्दोलन

D) राल्फाली आन्दोलन

२३. तल उल्लेख गरिएको कुन यसको स्थायीभाव कुन हो ?ठिम्याएर निर्दिष्ट स्थानमा चिन्ह लगाउनुहोस्।

| रस | स्थायीभाव |
| --- | --- |
| क) अद्भुत | i प्रेम वा रति |
| ख) श्रृंगार | ii शोक |
| ग) करूण | iii क्रोध |
| घ) रौद्र | iv विस्मय |

क, ख, ग, घ

A) iv, i, ii, iii

B) i, ii, iii, iv

क, ख, ग, घ

C) iv, iii, i, ii

D) iii, ii, i, iv

२४. शब्द र अर्थ काव्यशरीरका सङघटक हुन् भने तिनको सौन्दर्याधायक पक्षचाहिँ काव्यको आत्मा हो।- यो भनाई कसको हो?

A) अलङ्कार प्रधान्यवादी आचार्यहरूको

B) लक्षणावादी आचार्यहरुको

C) भक्तिवादी आचार्यहरूको

D) अलक्षणीयतावादी आचार्यहरूको

२५. मुख्य वाक्य र उपवाक्य मिलेर बनेको वाक्यलाई के भनिन्छ?

A) सरल वाक्य

B) संयुक्त वाक्य

C) उपवाक्य

D) मिश्रवाक्य

२६. कसैको सहायता र सहयोग बिना स्वतन्त्र रूपमा स्वतः उच्चारण हुने वर्णलाई के भनिन्छ?

A) स्वर वर्ण
B) संयुक्त वर्ण
C) व्यञ्जन वर्ण
D) वर्ण

२७. 'टुङ्ना भजन' रचनाको रचेयता को हुन्?

A) श्यामदिल दास
B) कबीर
C) ज्ञानदिल दास
D) इन्धिरस

२८. कुनै देश, काल, रीति आदि बुझाई क्रियापदहरूमा अन्वय हुने शब्दलाई के भनिन्छ?

A) नामयोगी
B) क्रिया
C) क्रियायोगी वा क्रिया विशेषण
D) विशेषण

२९. पछि हुने समय बुझाउने क्रियालाई 'भविष्यत् काल भनिन्छ। भविष्यत् कालको चार भेद छन्।जस्तै: म बजार जानेछु"। कुन भविष्यत्कालमा पर्दछ?

A) अपूर्ण भविष्यत् काल
B) सामान्य भविष्यत् काल
C) पूर्णभविष्यत् काल
D) सम्भाव्य भविष्यत् काल

३०. अघिल्लो भाग वा पूर्वपदको अर्थ प्रधान हुने समासलाई के भनिन्छ?

A) द्वन्द्व समास
B) कर्मधारय समास
C) तत्पुरुष समास
D) अव्ययीभाव समास

३१. लामो कान भएको "लमकन्ने' भन्नाले कुन समास बुझाउँछ?

A) तत्पुरुष समास
B) बहुव्रीहि समास
C) द्विगु समास
D) अव्ययीभाव समास

३२. साहित्यको प्रयोजन सौन्दर्य र सत्य हो।जुन एक अर्काका पर्याय हुन्- सौन्दर्य नैं सत्य हो र सत्य नै सौन्दर्य हो।धर्तीमा जानिने कुरा पनि यति नै हो र जान्नु पर्ने कुरा पनि"- यो मत कसको हो?

A) कलरिज
B) ईब्सन
C) वर्डस् वर्थ
D) किट्

३३. जुन शास्त्रले छन्दका भेद लय तथा लघु गुरू मात्रा र गणको यथोचित निर्देशन गर्छ त्यसलाई के भनिन्छ?

A) अंलकार शास्त्र
B) वर्ण शास्त्र
C) छन्द शास्त्र
D) मात्रिक छन्द

३४. म, भ, न, त, त, गण र अन्त्य दुवै दीर्घ गुरु भए कुन छन्द हुन्छ?

A) बसन्ततिलका
B) शालिनी
C) मालिनी
D) मन्दाक्रान्ता

३५. तलका दिएका छन्द र लक्षणहरू मिलाएर सठीक चिन्ह लगाउनुहोस्।

| छन्द | लक्षण |
|---|---|
| क) तोटक | i त,त,ज (अन्त्यमा दुवै दीर्घ गुरू) |
| ख) द्रतविलम्बित | ii चारैवटा 'यगण' |
| ग) भुजङ्गप्रयात | iii चारैवटा 'सगण' |
| घ) इन्द्रवज्रा | iv न,भ,भ,र |

क, ख, ग, घ

A) i, ii, iv, iii
B) iii, iv, ii, i
C) iv, ii, iii, i
D) ii, i, iii, iv

३६). 'समुद्रलहरी' आख्यानात्मक रचना कुन छन्दमा रचेका छन्?

A) सवाई छन्द
B) मात्रिक छन्द
C) खाँडो कवित्
D) सेलो

३७. छन्द शास्त्र अनुसार मात्रिक छन्दलाई कस्तो छन्द भनिन्छ?

A) असमवृत्त
B) समवृत्त
C) विषमवृत्त
D) अर्द्ध समवृत्र

३८. आयामेली लेखनमा 'वस्तुता'को अवधारणा पूर्ववती कुन पाश्चात्य अवधारणासंग तुल्य मानिन्छ?

A) कान्टको"वस्तु आफैमा'

C) मूर्तिकलाको हेलोग्राम

B) इलियटको निवैयक्तिकता

D) चित्रकलाको क्युबिज्म

३९. कस्ता समासलाई अन्त: केन्द्रित समास भनिन्छ?

A) प्रमुख पदका रूपमा रहेको विशेष्यसित विशेषणको योग हुने

C) एउटा पदका अर्थको पूर्णता अर्को पदमा आश्रित रहेको

B) विशेषणपद प्रमुख र नामपद गौण रहेको

D) दुवै पद प्रधान रहेको

४०. नागाहिलको सवाई'को रचनाकार को हुन्?

A) धनवीर भण्डारी

C) प्रतिमान

B) तुलचन आले

D) गजवीर राणा

४१. तल दिइएका रचनाकाररूका रचनाहरूलाई मिलाएर सठीक चिन्ह लगाउनुहोस्।

| रचनाकार | र्सवाई र लहरी रचनाहरू |
| --- | --- |
| क) पं दिलुसिंह राई | i) ५६ सालको पैह्रोको सवाई |
| ख) लालबहादुर आउँमासी | ii) उदयलहरी |
| ग) ज्ञानदिल दास | iii) प्रेम लहर |
| घ) आर एन प्रधान | iv) भोटको सवाई |

क, ख, ग, घ

A) i, iv, ii, iii

B) ii, iii, iv, i

क, ख, ग, घ

C) ii, iv, i , iii

D) iii, i, iv, ii

४२. वीरहरूका प्रसंगमा स्तुतिगान गरिने काव्यलाई के भनिन्छ?

A) चैत

C) धमारी

B) कर्खा

D) सवाई

४३. तल दिइएका पत्रिकाहरू मध्ये आयामेली आन्दोलनको सुत्रपात कुनचाहिँ पत्रिकाबाट भएको हो?

A) गोर्खा साथी
B) दियालो
C) नौलो पाइला
D) फूल- पात-पतकर

४४. सन् १९६३ सालमा दार्जीलिङदेखि प्रकाशित भएको "तेस्रो आयाम" पत्रिकाको मूल सम्प्रादान कसले गरेका थिए?

A) ईश्वर बल्लभ
B) इन्द्रबहादुर राई
C) पारसमणि प्रधान
D) तीलविक्रम नेम्बाङ उर्फ वैरागी काइँला

४५. नेपाल साहित्येतिहास लेखन परम्परामा पुरोगामी मानिने 'ए सर्ट स्केच अब द पर्वतीय ल्याङ्वेज एन्ड लिट्रेचर शीर्षक इतिहासमूलक लेखको लेखक को हुनुहुन्छ?

A) सुनीतिकुमार च्याटर्जी
B) जे. ए. एटन
C) पद्मनाभ सापकोटा
D) दयानन्द श्रीवास्तव

४६. विं सं १०३८ सालको दुल्लुमा प्राप्त दामुपालका पालाको शिलालेख नैं अहिलेसम्मको प्राप्त नेपाली भाषाको प्राचीनतम नमूना मानिएको छ।- यसको अन्वेषक को हुन्?

A) पूर्ण प्रकाश नेपाल यात्री
B) बालकृष्ण पोखरेल
C) अभि सुवेदी
D) चूडामणि बन्धु

४७. अरिस्टोटलले त्रसादीका लागि प्रमुख कतिवटा तत्वहरू स्वीकारेका छन्?

A) छ'वटा
B) दुईवटा
C) पाँचवटा
D) चारवटा

४८. वर्ण वर्णको मेल वा दुई अक्षरको मेललाई शब्द भनिन्छ। जस्तै- 'आमा' एउटा शब्द हो।यसमा' कतिवटा मूलध्वनिहरू छन्?

A) दुई
B) चार
C) एक
D) तीन

४९) "सत्य बुद्धिसंगत हुन्छ र बुद्धिकसंगत नै सत्य"भन्ने यस सूत्रलाई कसले प्रतिपादन गरेका थिए?

A) हेगेल,
B) अल्बर्ट कामु
C) टी एस इलियट
D) अरिस्टोटल

५०. रोमान्टिसिजमको घोषणापत्रमा - ' कविता भनेको सशक्त भावना वा अनुभूतिहरुको सहज उच्छलन हो।जसको उत्पत्ति शान्त क्षणमा स्मरण गरिएका भाव वा भावनाहरूबाट हुन्छ' - भनेका छन्।यो भनाई कसको हो?

A) कलरिच
B) किट्स
C) वर्ड्सवर्थ
D) टी एस इलियट

## PART - II
## (Short Answer-type Questions)

*Instructions for Questions 51 to 63:*

- *Write the answers in short for any 10 (TEN)out of the thirteen questions.*
- *Each question carries 5 marks.*

*[5x10=50]*

**नोट: यस प्रश्नपत्रमा तेह्रावटा(१३)प्रश्नहरू छन्। जसमध्ये दशवटा (१०) प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर पाँच (५) अङ्कको छ।** १०×५= ५०

५१. अनुनासिक स्वर भनेको के हो? तत्सम शब्दमा यसको नियम के छ? स्पष्ट पार्नुहोस्?

५२. सार्वनामिक विशेषण भनेको के हो? कति प्रकारका हुन्छन्?सोदाहरण लेख्नुहोस्।

५३. मारूनी नाँचको सांस्कृतिक महत्व" बारेमा लेख्नुहोस्।

५४. नेपाली साहित्यमा छन्दको महत्व" बारे सारगर्भित टिप्पणी लेख्नुहोस्।

५५. सगुण र निर्गुण भक्तिकाव्य भन्नाले के बुझिन्छ? दुवै भक्तिधाराका एक-एकवटा काव्यकृतिको उदाहरण दिनुहोस्।

५६. साहित्य र लोकसाहित्यमा के भिन्नता छ? स्पष्ट पार्नुहोस्।

५७. नेपाली कविता साहित्यमा "आयामेली आन्दोलन ' भन्नाले के बुझिन्छ? खुलस्त पार्नुहोस्।

५८. श्लेष अलङ्कार र उपमा अलङ्कारको परिभाषा दिएर एक-एकवटा सोदाहरण प्रस्तुत गर्नुहोस्।

५९. नेपाली लोककथाको स्रोतहरू के के हुन्? चर्चा गर्नुहोस्।

६०. पूर्वीय साहित्यशास्त्रमा अलङ्कारको चर्चा गर्ने प्रथम आचार्य को हुन्? उनले कुन शास्त्रमा कतिवटा अलङ्कारको चर्चा गरेका छन्?

६१. अस्तित्ववाद भन्नाले के बुझिन्छ? ईश्वरीय अस्तित्ववाद चिन्तकहरु को को हुन् ? नाम उल्लेख गर्नुहोस्।

६२. रस भन्नाले के बुझिन्छ?रस सूत्रको उल्लेख गर्दै यसका अर्थ खुलस्त पार्नु होस्।

६३. झ्याउरे गीत' संक्षेपमा चर्चा गर्नुहोस्।

## PART - III
## (Long Answer-type Questions)

*Instructions for Questions 64 to 71:*

- *Answer any 5 (FIVE) out of the eight questions.*
- *Each question carries 10 marks.*

*[10x5=50]*

**नोट: यस प्रश्नपत्रमा आठवटा(८)प्रश्नहरू छन्। जसमध्ये पाँचवटा(५) प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर दश (१०) अङ्कको छ।** ५×१०=५०

६४. स्वच्छन्दतावादका मूल मान्यता र सीमाहरुको उल्लेख गर्नुहोस्।

६५. काव्य हेतु भन्नाले के बुझिन्छ? पूर्वीय आचार्यहरूले काव्य हेतु कति प्रकारका बताएका छन्? विस्तारपूर्वक बताउनुहोस।

६६. शव्द शक्ति भन्नाले के बुझिन्छ?कति प्रकारका छन्? लक्षणा शब्द शक्तिका भेद उपभेदहरू बारे सोदाहरण चर्चा गर्नुहोस्।

६७. अरस्तुको विरेचन सिद्धान्तमा उल्लेखित त्रसादीका कथानक प्रक्रियामाथि प्रकाश पार्नु होस्।

६८. अलंकारसम्बन्धी पूर्वीय आचार्यहरूले गरेका मतहरू उल्लेख गर्दै काव्यमा अलङ्कारको महत्वर उपयोगिता चर्चा गर्नुहोस्।

६९. विशेषणको परिभाषा दिएर यसका भेदहरू उदाहरणहसित चर्चा गर्नुहोस्।

७०. लहरी"शब्दको तात्पर्य र अर्थ खुलस्त पर्दै नेपाली काव्य परमृपरामा यस लहरी काव्यको प्रयोग पराम्परा बारे संक्षेपमा विवेचना गर्नुहोस् ।

७१. लोक साहित्यको प्रयोजन र महत्व बारे टिप्पणी लेख्नुहोस्।

## PART - IV
### (Essay-type Questions)

*Instructions for Questions 72 to 75:*

- *Answer any 2 (TWO) out of the four questions.*
- *Each question carries 25 marks.*

*[25x2= 50]*

**नोट: यस प्रश्नपत्रमा चारवटा(४)प्रश्नहरू छन्। जसमध्ये दुईवटा (२)प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर पच्चीस (२५) अङ्कको छ।** २×२५=५०

७२. साहित्यिक आन्दोलनको रूपमा झर्रोवादी आन्दोलनको विस्तृत चर्चा गर्दै यसको प्रमुख मान्यता र विशेषता अनि उपलब्धिहरू उल्लेख गर्नुहोस्।

७३. काव्य प्रयोजन भन्नाले के बुझिन्छ? यस सम्बन्धी विभिन्न आचार्यहरूको मत-मतान्तर उल्लेख गर्दै आचार्य मम्मटले व्यक्त गरेका विचारहरूको विवेचना प्रस्तुत गर्नुहोस्।

७४. अरिस्टोटलको दु:खान्त वा त्रसादी संगठनको परिचय दिई यसका आवश्यक तत्वहरू उल्लेख गर्दै विस्तृत चर्चा गर्नुहोस्।

७५. विशेषणको भेद उपभेद बारेमा विस्तृत विवेचना गर्दै गहकिलो लेख लेख्नुहोस्।